चिचिला गाँउकार्यपालिकाको कार्यालय

# “राहत वितरण सम्बन्धी मापदण्ड २०७८” (पहिलो संशोधन)

यस चिचिला गाँउपालिकाको वडा नं २ र १ मा असिना पानीले पाकेको धान वाली लगायत कोदो , तरकारी, फलफूलमा क्षति पुर्याएको छ । विशेष गरि पाकिसकेर भित्र्याउने समय भएको धान बालीमा असिनाले पूर्ण रुपमा क्षति पुर्याउदा भविष्यमा उत्पन्न हुने खाद्य संकट व्यवस्थापन गर्न नागरिकहरुको खाद्य अधिकारको सुनिश्चित गर्न बालबालिकाहरुलाई कुपोषणबाट बचाउन कृषकहरुलाई गरिबीको दुष्चक्रमा पर्न नदिन यस चिचिला गाँउपालकाले उपयुक्त व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

असिनाले बाली क्षति भएका वास्तविक पीडित कृषकहरुलाई न्याय पूर्ण ढंगले राहत वितरण गर्न, एक द्धार राहत वितरण प्रणाली लागू गर्न , राहत वितरण प्रणालीलाई सरल सहज र प्रभावकारी वनाउन , वितरण गरिएका राहत सामाग्रीको गुणस्तर सुनिश्चित गर्न ,राहत वितरण पश्चात यसको प्रभावकारिताको मूल्यांकन एवम् लेखाजोखा गर्न “राहत वितरण सम्बन्धीमापदण्ड २०७८” जारी गरिएको छ ।

१. यस निर्देशिकाको नाम “राहत वितरण सम्बन्धीमापदण्ड २०७८” रहने छ ।
२. यो निर्देशिका कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुने छ ।
३. यस निर्देशिकामा “गाँउ पालिका भन्नाले” चिचिला गाँउपालिका सम्झनु पर्दछ ।
४. “वडा कार्यालय” भन्नाले चिचिला गाँउपालिकाको वडा कार्यालय सम्झनु पर्दछ ।
५. “जन प्रतिनिधि” भन्नाले चिचिला गाँउपालिकाको जनप्रतिनिधि सम्झनु पर्दछ ।
६. “राहत” भन्नाले चिचिला गाँउ कार्यपालिकाले निर्णय गरी उपलब्ध गराउने गाँउपालिका मार्फत दिइने संघीय सरकार प्रदेश सरकार कुनै संघ , संगठन वा व्यक्तिले उपलब्ध गराउने नगद वा जिन्सी सामाग्री सम्झनु पर्दछ ।
७. विपद व्यवस्थापन समितिले गठन गरेको समितिले संकलन गरेको क्षतिको विवरणलाई कार्यापालिकाले स्वीकृत गर्नु पर्ने छ ।
८. यस निर्देशिका बमोजिम राहत प्राप्त गर्न आउदा अनिवार्य रुपमा क्षतिको विवरण संकलन गर्दा उल्लेख गरिएको नागरिकता प्रमाण पत्रको प्रतिलिपि अर्थात् फोटोकपिल्याइ अनिवार्य रुपमा भिडाउनु पर्नेछ ।
९. राहतका लागि क्षतिको मात्रलाई आंशिक (एक चौथाइ), आंशिक (आधा) र पूर्ण क्षति तीन प्रकारमा वर्गीकरण गरिनेछ ।
१०. बालीमा अधिया स्वमित्व भएको किसानले सोही बमोजिम आधा उत्पादनको मूल्यंकनका आधारमा राहत प्राप्त गर्ने छ । तर जग्गा धनीको स्वीकृती भएमा पूर्ण मूल्यांकन गर्न सकिने छ ।अन्यथा जग्गा धनी संखुवा सभा जिल्ला भित्र बसोबास गरेको अवस्थामा आधा बालीको मूल्यंकन गर्न सकिने छ ।सम्बन्धित जिल्ला सरहद भन्दा बाहिर बसोवास गर्ने जग्गा धनीको हकमा मूल्यांकन गरिने छैन । वाली लगाउने किसानको मात्र मूल्यंकन गरिने छ ।

११. राहत वितरण गर्दा राहत सामाग्रीको वितरण व्यवस्थापन तथा अभिलेखीकरणमा सम्बन्धित वडाले गर्नु पर्ने छ ।वडाको जनप्रतिनिधि यसको जिम्मेवार हुनुपर्ने छ ।

१२. असिना पीडितहरुका लागि सहयोग गर्न चाहाने कुनै दाता सरकार , संस्था, व्यक्तिले पीडितहरुका लागि खोलेको खातामा रकम जम्मा गरी एक द्धार प्रणालीलाई पूर्ण रुपमा अवलम्वन गर्नु पर्ने छ।

१३. राहत दिने प्रयोजनका लागि चिचिलामा स्थायी बसोबास गर्नेपरिवार सदस्य संख्यालाई मात्र गणना गरिने छ ।अधिया लगाएको अवस्थामा जग्गा धनी जिल्ला भन्दा बाहिर बस्ने अवस्थमा जग्गा धनीले राहत नपाउने । जिल्ला भित्र बसोबास गरेको अवस्थामा रोप्ने किसानलाई राहत जिम्मा लगाउने र किसानले जग्गाधनी संग समन्वय गरेर बाँडफाँड गर्न सक्ने ।

१४. अंक गणना गर्दा खाद्य बाली, तरकारी बाली, फलफूल बाली गरी तीन समूहमा छुट्याइ क्षतिको विवरण गणना गरिने छ । उक्त तीन प्रकारका बालीहरु मध्ये सत्तरी प्रतिशत भन्दा बढी क्षेत्रफलमा जुन बालि लगाएको छ सोही बालीलाई मात्र राहत दिने प्रयोजनका लागि गणना गरिने छ ।

क) राहत वितरण गर्दा सगोलको धनीपुर्जा भएको घरपरिवार छुटिएको अवस्थामा यस कार्यविधि वमोजिम एकाघर मानी राहत वितरण गरिएकाले कुल जग्गाको क्षेत्रफललाई परिवार (घरधुरी) ले भाग गर्दा आउने दामासाही क्षेत्रफललाई आधार मानी राहत वितरण गरीनेछ ।

१५. राहत वितरण गर्दा निम्न बमोजिमको आधारमा राहत उपलब्ध गराइने छ ।

| क्र.सं. | आधार | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | क्षतिको किसिम | ३० | |
| २ | परिवार संख्या | ४० | |
| ३ | बाली लगाइएको क्षेत्रफल | ३० | |

- क्षतिकोकिसिममा पूर्ण क्षति भएमा ३० अंक, आंशिक क्षति (आधा) भएमा र आंशिक१५ अंक क्षति एकचौथाइ भएमा २० अंक प्रदान गरिने छ ।
- परिवार संख्यामा ४ जना सम्मकालागि २० अंक, ५देखि ७ जनाका लागि ३० अंक,८जना भन्दा बढी सदस्य संख्याकोलागि ४०अंक प्रदाने छ ।
- ५ रोपनी भन्दा कम बाली लगाइएको क्षेत्रफल भएमा १० अंक र ५ रोपनी देखि २० रोपनी सम्म २० अंक २० रोपनी भन्दा बढी भएमा ३० अंक प्रदान गरिने छ ।
- छुट भएको अवस्थामा वडाअध्यक्षको सिफारिमा विपद व्यवस्थापन समितिमा छूट सूची पेश गर्ने र उक्त सूची माथी प्रारम्भिक क्षतिको विवरणको संकलनको आधारमा लेखाजोखा गरी कार्यविधि बमोजिम निर्णय गर्ने ।

१६. यो मापदण्डलाई कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।